On Domestic Violence

**घरेलु हिंसा के हो ?**

घरभित्र परिवारको कुनै पनि सदस्यबाट अन्य परिवारका सदस्यमाथि हुने शारीरिक, मानसिक, आर्थिक, यौनिक र भावनात्मक दुर्व्यवहारहरुलाई घरेलु हिंसा भनिन्छ ।

**महिला विरूद्ध हुने घरेलु हिंसा के हो ?**



लिङ्गको आधारमा महिला भएको कारणले महिलामाथि गरिने सबै प्रकारका हिंसाहरु महिला विरुद्धका हिंसाहरु हुन् । यस्तो हिंसा महिलामाथि गरिने जधन्य अपराध मात्र नभई यो महिलाको मानव अधिकारको गम्भीर उल्लंघन पनि हो ।

वास्तवमा महिलामाथि हुने घरेलु हिंसा लैङ्गिक भेदभावको रुप हो । यस्तो हिंसाले महिलाको स्वतन्त्रता र मानव अधिकारमाथि नै प्रहार गर्ने हुनाले यसले महिलाको मानव भएर बाँच्न पाउने अधिकारलाई नै कुण्ठित पार्दछ ।

आजसम्म हाम्रो समाजमा महिलामाथि भइरहेका घरेलु हिंसालाई व्यक्तिगत कुरा, घरायसी मामिला भनेर महत्व दिएको पाइँदैन तर यस्तो हिंसाले महिलाको व्यक्तिगत जीवनमा मात्र असर पार्ने नभई सार्वजनिक जीवनमा समानताका आधारमा सहभागी हुने महिलाको क्षमतामा समेत प्रभाव पार्दछ । जसको परिणामले राज्यको आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक विकासमा समेत असर पार्दछ ।

महिलामाथि गरिने हिंसात्मक कार्यहरुको स्वरुप विभिन्न प्रकारको हुन सक्दछ । जस्तैः घरमा श्रीमान्ले मदिरा सेवन गरी कुटपिट गर्नु,

बहुविवाह गरेर विभिन्न प्रकारका यातनाहरु दिनु, दाइजोको कारण कुनै पनि प्रकारको हिंसात्मक दुर्व्यवहार गर्नु, छोरा नजन्माएकोमा अपमानित गर्नु, बोक्सीको आरोप लगाएर विभिन्न प्रकारका यातनाहरु दिनु, छाउपडी प्रथा, श्रीमतीको सल्लाहको सम्मान नगर्नु, खान लाउन नदिनु, घरबाट निकाल्नु, दुर्वचन बोल्नु, छोराछोरीमा भेदभाव गर्नु, चरित्रमाथि शङ्का गर्नु, वैवाहिक बलात्कार, यौनदुर्व्यवहार आदि ।

हाम्रो समाजमा आजसम्म महिलामाथि भइरहेका विभिन्न प्रकारका घरेलु हिंसालाई व्यक्तिगत कुरा, घरायसी मामिला भनेर खासै महत्व दिइएको पाइँदैन । तर यस्तो हिंसा जसलाई हामी व्यक्तिगत वा घरायसी मामिला भनेर वेवास्ता गरिरहेका छौं, वास्तवमा यस्तो हिंसा महिलामाथि गरिने गम्भीर र जघन्य प्रकृतिको अपराध मात्रै होइन, महिलाको मानव अधिकार उल्लङ्घनको विषय हो भनेर हामीले बिर्सनु हुँदैन ।

यस्तो महिलामाथि हुने जघन्य र गम्भीर प्रकृतिको अपराधलाई राज्यद्वारा नै अपराधीकरण गर्न र दण्डनीय बनाएर सजायको व्यवस्था गर्न आवश्यक भइरहेको सन्दर्भमा नेपाल सरकारले घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ लाई संसद्को बहुमतद्वारा पारित गरी मिति २०६६ साल बैशाख १४ गतेबाट लागू गरिसकेको छ भने घरेलु हिंसा (कसुर र सजाय) नियमावली २०६७ पारित भइ लागु भइसकेको छ । यो ऐनको उद्देश्य घरपरिवारभित्र वा घरपरिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई रोकथाम तथा नियन्त्रण गर्न र पीडितलाई संरक्षण गरी न्याय प्रदान गर्नु रहेको छ । यस ऐनले घरेलु हिंसालाई अपराधको रुपमा मान्यता प्रदान गरेको छ ।

***घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ ले कसैले पनि घरेलु हिंसा गर्न गराउन वा उद्योग गर्न रोक लगाएको छ । यदि कसैले त्यस्तो कार्य गरेमा कसुर मानिने र दण्ड सजाय हुने व्यवस्था गरिएको छ ।***



**घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को उद्देश्य**

घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा बनेको यो ऐनको उद्देश्यले मुख्यतयाः ३ कुराहरुलाई ईङ्गित गरेको छ ।

क) प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाउने,

ख) घरेलु हिंसाबाट पीडितलाई संरक्षण गर्ने र

ग) घरेलु हिंसाबाट पीडितलाई न्याय प्रदान गर्नु रहेको छ ।

**घरेलु हिंसाको परिभाषा**

यस ऐनअनुसार घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई सम्झनुपर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई जनाउँछ भन्ने उल्लेख गरेर यस ऐनले यातनाका सबै पक्षलाई समेट्ने प्रयास गरेको छ ।

यस ऐनले निम्न ४ प्रकारको हिंसालाई घरेलु हिंसा मानेकोछ ।ञ

**शारीरिक हिंसा**

यस ऐनले शारीरिक हिंसा भनेर प्रचलित कानुन बमोजिम अङ्गभङ्ग ठहर्ने बाहेक, कुटपिट गर्ने, शारीरिक चोटपटक पुऱ्याउने, थुनामा राख्न वा शारीरिक चोट पुग्न सक्छ भन्ने जानी जानी त्यस्तै अन्य कुनै काम गर्ने गराउने कार्यलाई सम्झनुपर्छ भनेर शारीरिक यातनालाई स्पष्ट पारेको छ ।



## मानसिक हिंसा



यस ऐनले मानसिक हिंसा भनेर शारीरिक यातनाको डरधाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने, झुठ्ठा बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने गराउने कार्यलाई सम्झनुपर्छ र सो शब्दले वैचारिक, धार्मिक वा सांस्कृतिक तथा प्रथा परम्पराको आधारमा गरिने भेदभावलाई समेत जनाउँदछ भनेर स्पष्ट गरिएको छ ।



## यौनजन्य हिंसा

यौनजन्य हिंसा भन्नाले यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्यलाई सम्झनुपर्छ भनेर उल्लेख गरिएको छ ।

## आर्थिक हिंसा



आर्थिक हिंसा भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्ने वा रोजगारी वा आर्थिक स्रोत वा साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्यलाई जनाउँदछ भनेर उल्लेख गरिएको छ ।



## ऐन अनुसार घरेलु सम्बन्धभित्र पर्ने व्यक्तिहरू भन्नाले

- वंशज,
- विवाह,
- धर्म सन्तानको कारण वा
- संयुक्त परिवारको सदस्य वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको वा हुन सक्ने सम्बन्धलाई राखिएको छ ।

## पीडित भन्नाले

यस ऐनअनुसार पीडित भन्नाले पीडितसँग घरेलु सम्बन्ध भई निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित भनी दाबी गर्ने व्यक्तिलाई सम्झनुपर्छ भनिएको छ ।

## पीडक भन्नाले

पीडक भन्नाले पीडकसँग घरेलु सम्बन्ध भई निज विरुद्ध घरेलु हिंसा गरेको भनी पीडितले दाबी गरेको व्यक्ति सम्झनुपर्दछ र सो शब्दले घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियारलाई समेत जनाउँदछ ।

## उजुरी गर्ने निकायहरू

घरेलु हिंसाबाट पीडितले आफूमाथि भएका घरेलु हिंसाका लागि कुनै चार निकायमध्ये एकमा उजुरी गर्न सक्नेछ र कुन निकायमा उजुरी गर्ने भन्ने निर्णय पीडित आफैंले गर्न सक्नेछ । यस्तो उजुरी दिन सकिने निकायहरु निम्न छन् :

१) राष्ट्रिय महिला आयोग

२) प्रहरी कार्यालय

३) स्थानीय निकाय (गा.वि.स./न.पा./वडा कार्यालय)

४) अदालत

***यीमध्ये जुन निकायमा पीडित वा उजुरीदिने व्यक्तिलाई ईच्छा लाग्छ त्यहि निकायमा लिखित वा मौखिक रुपमा उजुरी दिन सक्नेछ ।***

***उजुरी गर्ने प्रक्रिया :***

- कसैले घरेलु हिंसा सम्बन्धी उजुरी दिन चाहेमा कानुनले व्यवस्था गरे बमोजिमको ढाँचामा दिनु पर्दछ र यस्तो उजुरी मौखिक भए कानुन बमोजिमको ढाँचामा लेखी उजुरीकर्तालाई शहि छाप गराउनु पर्दछ । (ढाँचाको नमुना पेज नं. १६ मा राखिएकोछ ।)
- अदालत र अन्य निकायमा समेत उजुरी दिएकोमा अदालतमा दिएको उजुरीमा मात्र कारवाही गरिनेछ ।
- पीडित र अन्य व्यक्ति दुवैको उजुरी परेमा पीडितले दिएको उजुरीमामात्रै कारवाही हुनेछ ।
- घरेलु हिंसाका सम्बन्धमा अन्यले एकभन्दा बढी निकायमा उजुरी दिएकोमा पीडितले रोजेको एक निकायमा मात्रै उजुरीको कारवाही हुनेछ तर सो कुराको जानकारी सम्बन्धीत अन्य निकायलाई दिनुपर्नेछ ।
- अन्यले समेत उजुरी दिएकोमा सम्बन्धीत पीडित व्यक्तिलाई उजुरी सुन्ने निकायले झिकाई सोधपुछ गर्न सक्नेछ ।
- सोधपूछ सम्बन्धी कारवाही गोप्य राख्नुपर्नेछ ।
- उजुरी सुन्ने निकायले उजुरी दर्ता गरिसकेपछि उजुरी दर्ता किताबमा रेकर्ड राख्नु पर्दछ।



**स्वास्थ्य परीक्षण सम्बन्धी व्यवस्था :**

उजुरीमा पीडितले आफुमाथि पीडिकले कुनै पनि प्रकारको यातना दिएको कुरा उंलेख गरेको रहेछ भने उजुरी सुन्ने निकायले पीडितलाई तत्काल नजिकको स्वास्थ्य चौकिमा स्वास्थ्य परिक्षण का लागि पठाउनु पर्दछ ।

**पीडितको सुरक्षा सम्बन्धी व्यवस्था :**

उजुरीको कारवाहीको सिलसिलामा पीडित वा निजसँग आश्रित अन्यलाई शारिरीक वा मानसिक यातना हुनसक्ने संभावना भएमा उजुरीकर्ताले त्यसको विश्वासनीय आधार खुलाई उजुरी सुन्ने निकाय समक्ष सुरक्षाको मागको अनुरोध गर्न सक्नेछ । यस्तो सुरक्षा प्रदान गर्नुपर्ने देखिएमा उजुरी सुन्ने निकायले नजिकको प्रहरी कार्यालयमा निजहरुका सुरक्षाका लागि अनुरोध गरेमा प्रहरी कार्यालयले निम्न प्रकारका सुरक्षाको वयवस्था मिलाउनेछ ।

(क) पीडित वा निजसँग आश्रित व्यक्तिलाई अस्थायी रुपमा सुरक्षित स्थानमा वा सेवा केन्द्रमा बस्ने व्यवस्था मिलाउन सक्ने,

(ख) पीडकबाट थप यातना हुन नपाउने व्यवस्था गर्ने,

***१) राष्ट्रिय महिला आयोगमा उजुरी गर्नु परेमा :***

राष्ट्रिय महिला आयोग भनेको महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्नका लागि नेपाल सरकारद्वारा गठन गरिएको आयोग हो । घरेलु हिंसाबाट पीडित कुनै महिला आफैँले वा उसका तर्फबाट आयोगमा उजुरीको निवेदन दिन सक्नेछ ।



यसबाहेक पीडितले यस्तो उजुरी हुलाक, टेलिफोन, विद्युतीय मेल, आकाशवाणी जे सुकैबाट दिन सक्नेछ ।

***घरेलु हिंसाबाट पीडित कुनै महिलाले यदि यस निकायमा उजुरी दर्ता गरेमा उक्त निकायले निम्न प्रक्रियाहरु अपनाएर कारवाही गर्नेछ ।***

**कारवाही प्रक्रिया**

अ) जाँचबुझ गर्ने,
आयोगमा दर्ता भएका उजुरीका सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

आ) मेलमिलाप गराउने,
आयोगले आवश्यकताअनुसार मेलमिलाप गराउन सक्ने, पीडित महिलालाई उपचार, राहत वा क्षतिपूर्ति उपलब्ध गराउन वा पुनःस्थापना गराउन सम्बन्धित निकायलाई निर्देशन दिनसक्नेछ ।

इ) सिफारिस गर्ने
आयोगले आवश्यक अन्य कारवाहीका लागि सम्बन्धित कार्यालय, निकाय वा संस्थालाई सिफारिस गर्न सक्नेछ ।

***२) प्रहरी कार्यालयमा उजुरी गर्नु परेमा :***

प्रहरी कार्यालय भन्नाले

- ☞ पीडित बसोबास गरेको,
- ☞ पीडक रहेको वा
- ☞ घटनास्थलको नजिकको प्रहरी कार्यालयलाई जनाउँदछ ।





***यो प्रहरी कार्यालय शब्दले जिल्ला प्रहरी कार्यालयअर्न्तगतका बालबालिका वा महिला सेवा केन्द्र वा प्रहरी चौकी वा उपचौकी समेतलाई जनाउनेछ ।***

**प्रहरी कार्यालयको कारवाही प्रक्रिया**

- ☞ प्रहरी कार्यालयमा उजुरी दर्ता भएमा प्रहरी कार्यालयले बाटाको म्यादबाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई बयान गराउनुपर्दछ । यसरी झिकाउँदा पीडकले अटेर गरेमा पक्राउ गरी तुरुन्तै बयान गराउनुपर्दछ । यसरी उजुरीको कारवाही गर्दा पीडकलाई तारेखमा राखी गर्नुपर्दछ ।
- ☞ घरेलु हिंसाका कारण पीडितलाई कुनै पनि प्रकारको चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि स्वास्थ्य केन्द्रमा पठाउनुपर्दछ र पीडितको घाउ जाँच गराउनुपर्दछ ।
- ☞ पीडितको उजुरीपछि पीडकलाई उपस्थित गराउन नसकिएमा वा सम्बन्धित पक्षबीचमा मेलमिलापका लागि सहमति हुन नसकेमा वा पीडकलाई पक्राउ गरी ल्याएको मितिले ३० दिनभित्रमा मद्दाको टुङ्गो लगाइसक्नुपर्दछ ।
- ☞ पीडितको उजुरीपछि पीडकलाई उपस्थित गराउन नसकिएमा वा सम्बन्धित पक्षबीचमा मेलमिलपका लागि सहमति हुन नसकेमा उजुरीकर्ताको सहमतिमा मेलमिलाप गराउने म्याद (३० दिन) समाप्त भएको मितिले १५ दिनभित्र सबै व्यहोरा उल्लेख गरी सोसँग सम्बन्धित कागजात र प्रमाणहरुराखीअदालतमा पठाइ दिनुपर्ने छ ।
- ☞ पीडितको उजुरीपछि छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरीले तत्काल सुरक्षाको व्यवस्था मिलाउनुपर्नेछ ।

३) **स्थानीय निकाय भन्नाले**

☞ पीडित बसोबास गरेको,

☞ पीडक रहेको वा

☞ घटना भएको गाउँ विकास समिति वा नगरपालिकालाई जनाउँदछ ।

**स्थानीय निकायमा उजुरी दर्ता गराउने सम्बन्धमा:**

**स्थानीय निकायको कारबाहीको प्रक्रिया**

☞ स्थानीय निकायमा उजुरी दर्ता भएकोमा स्थानीय निकायले बाटोको म्याद बाहेक २४ घण्टाभित्र पीडकलाई भिकाई बयान गराउने र यसरी भिकाउँदा पिडकले अटेर गरेमा प्रहरीको सहयोगमा पक्राउ गरी तुरुन्तै बयान गारउनुपर्दछ । यसरी उजुरीको कारवाही गर्दा पीडकलाई तारेखमा राखी गर्नुपर्दछ ।



☞ घरेलु हिंसाका कारण पीडितलाई कुनै पनि प्रकारको चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि स्वास्थ्य केन्द्रमा पठाउनुपर्दछ र पीडितको घाउँ जाँच गराउनुपर्दछ र यस्तो घाउँ जाँच प्रतिवेदनको एक प्रति प्रहरी कार्यालयमा पठाउनुपर्दछ ।

☞ पीडितको उजुरीपछि पीडकलाई उपस्थित गराउन नसकिएमा, सम्बन्धित पक्षबीचमा मेलमिलापका लागि सहमति हुन नसकेमा वा पीडकलाई पक्राउ गरी ल्याएको मितिले ३० दिनभित्रमा मुद्दाको टुङ्गो लगाइसक्नुपर्दछ ।



☞ यसरी मुद्दाको टुङ्गो लगाउनुपर्ने समय समाप्त भएको मितिले १५ दिनभित्र सबै व्यहोरा उल्लेख गरी सोसँग सम्बन्धित कागजात र प्रमाणहरु राखी अदालतमा पठाई दिनुपर्नेछ ।

☞ पीडितको उजुरीपछि छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरीले सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनुपर्नेछ ।

***यसरी प्रहरी कार्यालय वा स्थानीय निकायको सहयोगमा मेलमिलाप गराउँदा आवश्यकताअनुसार उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र अन्य साथी समेतको सहयोग लिन सकिनेछ । यसरी मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र गोपनीयताको अधिकार समेतलाई ध्यान पुऱ्याउनुपर्दछ ।***

४) अदालतमा उजुरी दर्ता गराउनु परेमा

घरेलु हिंसाबाट पीडित पक्षले चाहेमा अदालतमा सोभै उजुरी दिन सक्नेछ ।

**अदालतको कारवाही प्रक्रिया**

प्रहरी र स्थानीय निकायमा मेलमिलाप हुन नसकेको अवस्थामा सो निकायबाट सम्बन्धित कागजात र प्रमाणहरु राखी कारवाहीका लागि अदालतमा सिफारिसका लागि वा सोभै पीडितले अदालतमा उजुरी दर्ता गरेको अवस्थामा सोही उजुरीको आधारमा यस ऐन बमोजिम कारवाही र किनारा गर्नुपर्दछ ।



## अदालतले अन्तरिम संरक्षणात्मक आदेश दिनसक्ने व्यवस्था

पीडितले दर्ता गरेको उजुरीको छानबिन गर्दा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मका लागि पीडितको सुरक्षाका लागि अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्नेछ । यस्तो आदेश पीडकको नाममा जारी हुनेछ । ती आदेशमा निम्न कुराहरु हुनेछन् :

क) पीडितलाई निज बसिआएको घरमा बसोबास गर्न दिन, खानलाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

ख) पीडितलाई शारिरीक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपर्युक्त रकम दिन,

ग) पीडक र पीडित एकै ठाउँमा बसोबास गर्न उपर्युक्त नदेखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरणपोषणका लागि आवश्यक व्यवस्था गर्न,

घ) गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,

ङ) पीडित छुट्टै बसेको ठाँउमा वा बाटाघाटा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,

च) पीडितको हित र सुरक्षाको निम्ति अन्य आवश्यक र उपयुक्त कुरा गर्न, गराउन ।

***अदालतले यस्तो आदेश दिँदा पीडितका अतिरिक्त निजका नाबालक सन्तान वा निजका आश्रित अन्य व्यक्तिहरुलाई पनि संरक्षण प्रदान गर्नुपर्ने देखिएमा माथि उल्लेखित कुनै पनि आदेश दिन सक्नेछ ।***



## अदालतमा उजुरी परेपछि अदालतले अपनाउनु पर्ने प्रक्रियाहरु

### बन्द इजलासमा सुनुवाइ

घरेलु हिंसाबाट पीडित व्यक्तिले अनुरोध गरेमा उजुरीको कारवाही र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नुपर्दछ । यस्तो बन्द इजलासमा कारवाही र सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरुका कानुन व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र प्रवेश गर्न सक्नेछन् ।

### क्षतिपूर्तिको व्यवस्था

यस ऐनमा पीडितलाई पीडकबाट क्षतिपूर्ति भराउने व्यवस्था पनि गरिएकोछ, जसअनुसार पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा समाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मनासिव माफिकको क्षतिपूर्ति भराइदिन सक्नेछ ।

### मुद्दाको कारवाही किनारा गर्ने हदम्याद

घरेलु हिंसा सम्बन्धी उजुरीमा कारवाही चलाउँदा अदालतले संक्षिप्त कार्यविधि ऐन, २०२८ अनुसार ९० दिनभित्रमा मुद्दाको कारवाही किनारा गरिसक्नु पर्दछ ।

### उपचारको रकम पीडकले व्यहोर्ने

घरेलु हिंसाबाट मानसिक वा शारीरिक रुपमा अशक्त हुन गई अस्पतालमा औषधी उपचार गराउनु परेमा त्यसरी उपचार गराउँदा लागेको सम्पूर्ण खर्चहरु जसले हिंसा गरेको हो त्यसैले व्यहोर्नु पर्दछ । तर पीडकको आर्थिक अवस्था कमजोर भएका कारण पीडितको उपचार खर्च पीडकबाट प्राप्त हुन नसक्ने भन्ने अदालतलाई लागेमा त्यस्तो खर्च सेवा केन्द्रबाट उपलब्ध गराउन अदालतले आदेश दिनसक्दछ ।

**यस ऐनमा पीडितलाई आवश्यक सहयोग गर्न दुई प्रकारका प्रणालीहरूको व्यवस्था गरिएको छ ।**

१) **सेवा केन्द्र**

घरेलु हिंसाबाट पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारका

क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि नेपाल सरकारले आवश्यकताअनुसार सेवा केन्द्रको स्थापना गर्नेछ। सेवा केन्द्रले आवश्यकताअनुसार पीडितलाई कानुनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ।

२) **सेवा कोष**

घरेलु हिंसाबाट पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारका क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि नेपाल सरकारले आवश्यकता अनुसार स्थापना गरेको सेवा केन्द्र सञ्चालन गर्नको लागि सरकारका तर्फबाट सेवा कोष स्थापना गर्नेछ। यस्तो कोषमा नेपाल सरकारबाट प्राप्त रकम, कुनै स्वदेशी वा विदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम वा अन्य श्रोतबाट प्राप्त रकमहरु रहनेछन्।

**उजुरी गर्नसक्ने व्यक्तिः**

- घरेलु हिंसा भएको,
- भइरहेको वा
- हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई लिखित वा मौखिक रुपमा उजुरी गर्न सक्दछ।

**उजुरीको हदम्याद**

घरेलु हिंसाको कसुर भए गरेको मितिले **९० दिनभित्रमा** (स्थानीय निकाय, प्रहरी, राष्ट्रिय महिला आयोग वा अदालतमध्ये कुनै एक निकायमा) उजुरी दिनुपर्दछ।

**दण्ड सजायँ**

१) कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँ सम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजायँ हुनेछ।

२) घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कुसुरदारलाई हुने सजायँको आधा सजायँ हुनेछ।

३) घरेलु हिंसाको कसुरमा पहिले सजायँ पाइसकेको व्यक्तिले पुनः सोही कसुर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ।



४) सार्वजनिक जवाफदेहिको पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन बमोजिमको कसुर गरेमा निजलाई यस ऐनमा व्यवस्था गरिएको दण्ड सजायमा थप दश प्रतिशत सजाय हुनेछ।

५) कसैले अदालतबाट जारी अन्तरिम संरक्षणात्मक आदेशलाई पालना नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँ सम्म जरिवाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

***अन्य कानुनबमोजिम मुद्दा चलाउन सकिने व्यवस्थाः–***

***कसैले घरेलु हिंसा ऐन अनुसार कसुर मानिने कुनै काम कारवाहीमा अन्य प्रचलित कानुनबमोजिम पनि सजाय हुने रहेछ भने निजलाई त्यस्तो कानुन बमोजिम मुद्दा चलाउन तथा कारवाही गर्न सकिनेछ।***

**महिलामाथि हुने घरेलु हिंसा कसैको घरायसी मामलामात्र नभई यो समुदायको नै समस्या हो। त्यसैले यसलाई नियन्त्रण गर्न तल लेखिएका सबैले महत्वपूर्ण भूमिका खेल्न सक्दछ।**

| | |
|---|---|
| परिवारले | : महिलाको सम्मान गर्दै घरेलु हिंसाको अन्त्य गरेर, |
| आफन्तले | : पीडितको अधिकार स्थापित गर्न सहयोग गरेर, |
| पीडितले | : आफुमाथि भएका हिंसाको प्रतिकार गर्न उजुरी दिएर, |
| छिमेकीले | : हिंसा भएकी महिलाप्रति सद्भाव राखेर उजुरी गर्न उत्प्रेरणा दिएर, |
| समुदायले | : हिंसा भइरहेको स्थानमा तुरुन्तै उपस्थित भएर हिंसाबाट पीडित महिलाको उद्धार गरी उजुरी सुन्ने निकाय समक्ष उजुरी गर्ने र उजुरी गर्न उत्प्रेरणा प्रदान गरेर, |
| उजुरी सुन्ने निकायले | : पीडित महिलाप्रति संवेदनशील भई तुरुन्तै उजुरी दर्ता गरिदिए, |
| अदालतले | : कानुनमा व्यवस्था भए अनुसारका हक अधिकार स्थापित गरिदिएर। |

श्री.......................................................मा चढाएको

उजुरी

जिल्ला....................गा.वि.स./न.पा..............................वडा नं. .........बस्ने वर्ष..............को..............................................................ले मलाई / जिल्ला.......................गा.वि.स./न.पा..............................वडा नं. .......वस्ने वर्ष..........को.................लाई घरेलु हिंसा सम्बन्धी कसूर गरेकोले आवश्यक कानूनी कारबाहीको लागि देहायको विवरण खुलाई यो उजुरी गरेको छु ।

१. घरेलु हिंसा भएको भैरहेको वा हुन लागेको :
   - क) ठाउँ :
   - ख) मिति :
   - ग) समय :

२. घरेलु हिंसाको प्रकृति :
   - क) शारीरिक यातना
   - ख) मानसिक यातना
   - ग) यौनजन्य यातना
   - घ) आर्थिक यातना
   - ङ) अन्य

३. घरेलु हिंसाबाट पीडितलाई पर्न गएको असर :

४. उजुरीवाला बाहेक घरेलु हिंसा भएको देख्ने वा थाहा पाउने अन्य व्यक्ति भए निजको नाम, ठेगाना :
   - क)
   - ख)
   - ग)

५. कुनै सबुत प्रमाण भए सो कुरा :

६. अन्य उजुर सुन्ने निकायमा उजुरी गरेको भए सो निकायको नाम र उजुरी गरेको मिर्ति :

७. माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्ठा ठहरे कानून बमोजिम सहने/बुझाउने छु ।

उजुरी दिनेको :-
दस्तखत :
नाम :
ठेगाना :
मिति :